# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मिति: २०८०/०४/१३

## प्रेस विज्ञप्ति

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयले सञ्चालन गर्ने स्नातकोत्तर प्रथम र तेस्रो सेमेस्टर तथा दर्शनाचार्य विद्यावारिधि पहिलो सेमेस्टरको सत्रान्त परीक्षालाई प्रभावित पार्ने गरी मिति २०८० साल श्रावण १२ गते उकेरा अनलाइन पत्रिकामा राजनीतिशास्त्र विषयको प्रश्नपत्र सम्बन्धमा छापिएको समाचारप्रति यस डीन कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त पत्रिकामा प्रकाशित समाचार कपोलकल्पित, झुठो भएको र पदाधिकारीलाई बदनाम गर्ने उद्देश्यले प्रकाशित गरिएको हुँदा त्यस समाचारको खण्डन गर्दै यस किसिमको झुठो समाचार सम्प्रेषण गर्ने जोसुकैलाई पनि कानुनी कारवाहीको दायरामा ल्याउनका लागि सम्बद्ध निकायलाई अनुरोध गरिन्छ । साथै, यस कार्यालयबाट प्रकाशित परीक्षा तालिकाअनुसार नै सम्पूर्ण तहका परीक्षाहरू सञ्चालन गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

...................

प्रा.डा. कुशुम शाक्य

डीन


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८

E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np